कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७८/०७९(प्रशासन)
च.नं. :- २९५८

मितिः २०७९/०२/१६

श्री वडा कार्यालय (१ देखि १५) सबै
कोहलपुर नगरपालिका, बाँके ।

विषयः अनुमानित बजेट सहित योजना कार्यक्रम उपलब्ध गराईदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकाको आ.ब. २०७९/०८० को लागि वडाहरुको लागि तोकिएको बजेट सिलिङ्ग एवं मार्गदर्शनका आधारमा रही स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७४ को पालना गरी बस्तिस्तरमा छलफल समेत गरी गराई योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट समेत उल्लेख गरी नगर कार्यपालिकाको कार्यालयमा १(एक) हप्ता भित्र उपलब्ध गराईदिनु हुन जानकारी गराईन्छ। साथै स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७९/०२/१३ को निर्णय प्रतिलिपी समेत यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

२०७९/०२/१६

.......................
(टिकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

**टिकाराम ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**

वेब साइटः www.kohalpurmun.gov.np ई-मेलः- info@kohalpurmun.gov.np; kohalpurmun@gmail.com

कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:- २०७८/०७९(प्रशासन)
च.नं. :- २९५८

मिति: २०७९/०२/१६

श्री सबै शाखा/ उपशाखा,
कोहलपुर नगरपालिका, बाँके ।

**विषय: अनुमानित बजेट सहित योजना कार्यक्रम उपलब्ध गराईदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकाको आ.ब. २०७९/०८० को लागि विषयगत शाखाहरुको बजेट सिलिङ्ग गत आ.ब. ०७८/०७९ को सिलिङ्कै सीमाभित्र रही योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट समेत मस्यौदा तयार गरी १(एक) हप्ता भित्र नगर कार्यपालिकाको कार्यालयमा उपलब्ध गराईदिनु हुन जानकारी गराईन्छ । साथै स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७९/०२/१३ को निर्णय प्रतिलिपी समेत यसैसाथ संलग्न राखी पठाइएको छ ।

..................
(टिकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०२/१३ गते यस नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका संयोजक एवं नगर प्रमुख श्री पुर्ण प्रसाद आचार्य ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितमा बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

उपस्थितिः

श्री पुर्ण प्रसाद आचार्य, नगर प्रमुख - संयोजक
श्री संगिता पौडेल सुवेदी, उपप्रमुख - सदस्य
श्री टिकाराम ढकाल, प्र.प्र.अ. - सदस्य सचिव

आमन्त्रितः

श्री युवराज अधिकारी, लेखा अधिकृत – आर्थिक प्रशासन शाखा प्रमुख
श्री लक्ष्मी योगी, अधिकृत छैठौ – राजस्व शाखा प्रमुख
श्री लक्ष्मण बि.सी., कम्प्यूटर अपरेटर – सामान्य प्रशासन शाखा

निर्णय नं. १

क) यस नगरपालिका स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७९/०१/०६ मा निर्णय भई मिति २०७९/०१/०९ मा शाखा एवं वडागत सिलिङ् तोकिएकोमा नगर कार्यपालिकाको मिति २०७९/०२/११. को निर्णयानुसार सो मा परिमार्जन गरी देहाय बमोजिम कायम गर्ने र सबै वडा/शाखाहरुमा एक हप्ता भित्र सो बमोजिम योजना तथा कार्यक्रम पेश गर्न पत्राचार गर्ने ।

आ.ब.२०७९/०८० को लागि वडागत बजेट सिलिङ्

| वडाहरु | आ.ब.२०७८/०७९ को बजेट | थप बजेट | आ.ब.२०७९/०८० को बजेट |
|---|---|---|---|
| १ | ५२२०००० | - | ५,२२०,०००.० |
| २ | ६१४०००० | ५००,०००.० | ६,६४०,०००.० |
| ३ | ५५००००० | - | ५,५००,०००.० |
| ४ | ५२६०००० | - | ५,२६०,०००.० |
| ५ | ५२६०००० | - | ५,२६०,०००.० |
| ६ | ५२६०००० | - | ५,२६०,०००.० |
| ७ | ५५००००० | - | ५,५००,०००.० |
| ८ | ५५००००० | - | ५,५००,०००.० |
| ९ | ५३४०००० | - | ५,३४०,०००.० |
| १० | ५५८०००० | - | ५,५८०,०००.० |
| ११ | ५६६०००० | - | ५,६६०,०००.० |
| १२ | ५५००००० | - | ५,५००,०००.० |
| १३ | ५४२०००० | - | ५,४२०,०००.० |
| १४ | ५६८०००० | - | ५,६८०,०००.० |
| १५ | ५६८०००० | - | ५,६८०,०००.० |
| जम्मा | ८२५००००० | ५००,०००.० | ८३,०००,०००.० |

ख) आ.व. २०७९/८० को लागि योजना तथा कार्यक्रम बनाउँदा देहाय बमोजिमको मार्गदर्शन उपलब्ध गराउने ।

१. प्रत्येक शाखा एवं वडाहरुले चालु आर्थिक वर्षमा संचालन भई बजेट अपुग हुने वा योजना सम्पन्न गर्न आवश्यक पर्ने योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने ।

२. नेपाल सरकार, प्रदेश सरकारको नीति र नगरपालिकाको नीति कार्यक्रम अनुसार बजेट विनियोजन गर्ने ।

३. वडा कार्यालयहरुले योजना तथा कार्यक्रम बनाउँदा कम्तीमा एउटा योजना कम्तीमा १० लाख लागत अनुमानको बनाउने । बाँकी योजना तथा कार्यक्रम न्यूनतम् ३ लाख हुने गरी बनाउने । टुक्रे र सानातिना योजना आवश्यक हुने भए पनि विषय क्षेत्र मिल्दा कार्यक्रमहरु समेटी ३ लाख बजेट पुग्ने गरी एउटै योजना वनाउने ।

४. योजना तर्जुमाको वखत स्थानीय तहको योजना तर्जुमा प्रक्रिया (७ चरण) लाई पालना गरी बनाउने ।

५. वडाहरुको योजना तथा कार्यक्रम प्राथमिकता क्रम तोकी वडा समितिको निर्णय प्रतिलिपी सहित पठाउने । विषयगत शाखाहरुले आफ्नो विषयगत समितिका सचिव समक्ष पेश गरी एकमुष्ट (Compile) गरी समितिको निर्णय गराई वा समिति गठन नभएको भए सिधै एकमुष्ट प्रस्ताव पेश गर्ने।

ग) विषयगत शाखाको बजेट सिलिङ् गत आ.ब. ०७८/०७९ को सिलिगंको सीमा भित्र रहि योजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्न विषयगत शाखाहरुलाई पत्राचार गर्ने ।

घ) शिक्षा, युवा तथा खेलकुद शाखाको हकमा गत आ.ब. मा सृजना भएको दायित्व समेत समावेश गरी गत आ.ब. को सिलिङ्मा नगर अनुदान शिक्षकको कार्यक्रममा आवश्यक पर्ने थप बजेट प्रस्ताव गर्ने ।